मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछापप्रदेश
प्रदेश नं. ३, नेपाल

राजधानी दैनिक
२०७४/१२/२५

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

सूचना नं. MM/RBN/WORKS/NCB/01/074/075
(प्रथम पटक सूचना प्रकाशित मिति : २०७४/१२/२५)

यस कार्यालय अर्न्तगत तप्रशिलमा उल्लेखित सडकको स्तरोन्नती गर्ने कार्य शिलबन्दी बोलपत्रबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१. बोलपत्र कागज यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन (२०७५।०१।२४) को कार्यालय समय भित्र प्रोपाइटर वा निजको अधिकृत प्रतिनिधिबाट तपशील बमोजिम नगदै दस्तुर तिरी वा यस कार्यालयको नाममा रहेको रा.वा. बैंक मन्थली स्थित संचित कोष खाता नं. १६८०३०४०१८१०२ मा नगद जम्मा गरेको सक्कलै भौचर पेश गरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।

२. बोलपत्र खरिदका लागि निवेदन पेश गर्दा रु. १०/– को टिकट टाँसी निवेदन साथ उद्योग/व्यवसाय दर्ता/नवीकरण प्रमाणपत्र, ठेक्का (इजाजत) प्रमाणपत्र, आयकरको स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७३।०७४ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि र कालो सुचीमा नपरेको स्वयं घोषणा पत्र संलग्न गरि पेश गर्नु पर्नेछ ।

३. खरिद भएको शिलबन्दी बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी नियमानुसार यो सूचना प्रकाशित भएको मितिले ३१ (औं) दिन २०७५।०१।२५ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ । दाखिला हुन आएका बोलपत्रपत्रहरु सोही दिन दिनको १:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न वा बुझाउन सकिने छ ।

५. बोलपत्रको खाम वाहिर ठेक्का नम्बर, कामको विवरण र बोलपत्र दाताको नाम, ठेगाना र फोन नं (घरको,मोवाईलको) स्पष्ट खोली यस कार्यालयलाई सम्बोधन गरी सो खामलाई शिलवन्दी गरी पेश गर्नु पर्नेछ साथै शिलबन्दी बोलपत्रसाथ दफा नं. २ मा उल्लेखित कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र, बोलपत्र खोलिएको मितिबाट ९० दिन अवधिका लागि मान्य हुनेछ ।

६. बोलपत्रसाथ तपशिल बमोजिम धरौटी वा जमानत वापतको रकम (मुल्य अभिवृद्धि कर समेत) रा.वा.बैंक शाखा कार्यालय मन्थली स्थित धरौटी खाता नं. १६८०३०३००७१०२ मा बोलपत्रदाताको नामबाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको ठेक्का नं. र कार्य प्रयोजन खुलेको, पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस दिन) म्याद भएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

७. बोलपत्र दाताले दररेट उल्लेख गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दररेट अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

८. बोलपत्र दाताले पेश गरेको बोलपत्र निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरी पेश गरेको मानिने छ ।

९. एउटा फर्मका नामवाट खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मका नाममा दाखिला गर्न पाईने छैन ।

१०. संयुक्त उपक्रम (जे.भी.)मा काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धि सम्झौता सक्कल प्रति पेश गर्नुपर्नेछ । संयुक्त उपक्रममा साझेदारको संख्या ३ भन्दा बढी भएमा स्वीकार गरिने छैन ।

११. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र फारासमा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन तथा बोलपत्र आंशिकरुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यो सूचना यस कार्यालयको वेबसाइट www.manthalimun.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।

१३. यस बोलपत्र सम्बन्धी केही कुरा संशोधन गर्नु परेमा यस कार्यालयको वेभसाईटमा प्रकाशन र सूचनापाटीमा टाँस गरिनेछ ।

१४. यस सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**सिलबन्दी बोलपत्र सम्बन्धी कार्यको विवरण :**

| सि.नं. | ठेक्का नं | कामको विवरण | लागत अनुमान रकम (कन्टिन्जेन्सी र भ्याट वाहेक) रु | बोलपत्र जमानत रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | MM/RBN/WORKS/NCB/01/074/075 | हाटेचौर पितृ स्मृतीपाक ट्राफिक चोक सडकको मर्मत सुधार गर्ने कार्य, (म.न.पा.१.) | २७,०१,२९०/५० | ७८,५००/– | ३,०००/– |

**प्रमुख प्रशासकीय अधिकृत**